म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ६९ आइतबार ३० असोज २०७९ ने. सं. ११४२ कौलागा 16 October, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ । त्यसैले, धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बजेट अभावमा ८ वर्षदेखि अलपत्र भलिबल प्रशिक्षण सेन्टर

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ हेटौंडा-४ स्थित लोकतान्त्रिक मैदान हुप्रचौरमा भलिबल प्रशिक्षण सेन्टर निर्माण कार्य सुरु भएको ८ वर्ष भयो । तर, बजेट अभावको कारण भलिबल प्रशिक्षण सेन्टरको निर्माण कार्य सुस्त गतिमा अगाडि बढिरहेको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडामा निर्माण भइरहेको उक्त भलिबल प्रशिक्षण सेन्टरले ८ वर्षसम्म पनि पूर्णता नपाएको हो । प्रदेश र संघीय सरकारले आवश्यक बजेट विनियोजन नगर्दा आठ वर्षअघि निर्माण सुरु भएको बहुउद्देश्यीय भलिबल कोर्टले हालसम्म पूर्णता पाएको छैन ।

करिब साढे दुई कट्ठा क्षेत्रफलमा फैलिएको प्रशिक्षण सेन्टर हालसम्म जालीले घेर्ने र दर्शक बस्न सिमेन्टको प्यारापिटको केही अंश निर्माण भएको छ । जिल्ला भलिबल संघले स्थानीय तहमा जनप्रतिनिधि आएसँगै हेटौंडा उपमहानगरपालिकाको २५ लाख रुपैयाँ सहयोगमा निर्माण कार्य सुरु गरेको हो । हालसम्म प्रशिक्षण सेन्टर निर्माण गर्न करिब ३५ लाख रुपैयाँ खर्च भइसकेको छ ।

जिल्ला खेलकुद विकास समिति मकवानपुरले तीन लाख, तत्कालीन जिल्ला विकास समितिले ५ लाख र भलिबल संघले दुई लाख रुपैयाँ बजेट भौतिक पूर्वाधार निर्माणमा खर्चेका छन् । पछिल्लो समयमा जिल्लामा भलिबल प्रतियोगिताको बाढी नै आएपछि संघले प्रशिक्षण सेन्टर निर्माणलाई तीव्र पार्न लबिइङ गरिरहेको छ । चालु आर्थिक वर्षमा पनि उपमहानगरबाट १५ लाख रुपैयाँ



बजेट विनियोजन भएको संघका अध्यक्ष वसन्तकुमार सिटौलाले बताए । उनले प्रदेश र संघीय सरकारले बेवास्ता गर्दा चाहेर पनि छिट्टै योजना पूर्ण गर्न नसकेको गुनासो गरे ।

प्रशिक्षण सेन्टरलाई इन्डोर वा आउटडोर कुन रूपमा विकसित गर्ने अझै टुंगो लागिसकेको छैन । इन्डोर बनाउनका लागि अझै करिब एक करोड रुपैयाँ खर्च अनुमान गरिएको छ । आउटडोरका लागि ५० लाख रुपैयाँ भए पुग्ने अध्यक्ष सिटौलाले बताए । अध्यक्ष सिटौला प्रदेश र संघीय सरकारको बजेटमा यस योजना समावेश गर्न सकेको खण्डमा सहजै छिट्टै निर्माण सम्पन्न हुने बताउँछन् । प्रशिक्षण सेन्टरमा करिब ३ हजार दर्शक क्षमताको प्यारापिट निर्माण गर्ने लक्ष्य राखिएको छ । सिटौलाले प्रशिक्षक नियुक्त भएसँगै जिल्लाको दसवटै स्थानीय तहमा प्रशिक्षणको व्यवस्था मिलाइने बताए ।

पछिल्लो समय स्थानीय तहमा समेत भलिबल संघ गठन भइरहेका छन् । जसका कारण पनि प्रतियोगिताको संख्या बर्षेनि बढिरहेको छ । दसैंको अवसर पारेर जिल्लाभर असोज महिनामा मात्र १५ भलिबल प्रतियोगिता सञ्चालन भएको संघले जनाएको छ । प्रशिक्षण सेन्टर नहुँदा नियमित प्रशिक्षणमा समस्या भइरहेको भलिबलका पूर्वराष्ट्रिय खेलाडी सन्तोष श्रेष्ठले बताए । '१२ महिना प्रशिक्षण गर्न इन्डोर हल आवश्यक पर्छ । यस प्रशिक्षण सेन्टरलाई सोहीअनुरुप विकास गर्नुपर्छ भन्ने हाम्रो माग रहँदै आएको छ,' उनले महिला र पुरुष भलिबल टोलीलाई नियमित रूपमा प्रशिक्षण व्यवस्था मिलाउन दुइटा कोर्ट आवश्यक रहेको बताए । जिल्ला खेलकुद विकास समिति मकवानपुरका सचिव राजन दाहालले भलिबल प्रशिक्षण केन्द्रको स्तरोन्नति गर्न लामो समयदेखि प्रयत्न गरेको दाबी गरे ।

धेरै राष्ट्रिय खेलाडी उत्पादन गरिसकेको यस हुप्रचौरमा रहेको क्रिकेट र फुटबल मैदानको कथा पनि भलिबल प्रशिक्षण केन्द्रकै जस्तो छ । सरकारले भलिबललाई राष्ट्रिय खेलको रूपमा अगाडि बढाएसँगै यसप्रति युवापुस्ताको क्रेज बढेको पाइन्छ । तर, जिल्लामा भलिबल प्रशिक्षण सेन्टर निर्माण नहुँदा यसले उचाई पाउन सकेको छैन ।

## प्रदेशसभाबाट हटाइयो सभामुख र उपसभामुखको नाम

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ बागमती प्रदेशसभा सचिवालयको आधिकारिक वेभसाइटबाट बागमतीका पहिलो सभामुख तथा उपसभामुखको नाम हटाइएको छ ।

२०७४ सालमा प्रदेशसभा एमालेबाट निर्वाचन जितेर समामुख बनेका काठमाडौंका सानुकुमार श्रेष्ठ र नुवाकोटकी नेकपा माओवादी केन्द्रकी राधिका तामाङको नाम सचिवालयले वेभसाइटबाट हटाएको हो ।

उनीहरु दुवै जनाको पदावधि सकिएपछि सचिवालयले यसअघि नै औपचारिक बिदाईसमेत गरिसकेको छ । आगामी ४ मंसिरमा हुने दोस्रो प्रदेशसभा निर्वाचनपछि प्रदेशसभाले दोस्रो सभामुख र उपसभामुख पाउँदैछ । आगामी निर्वाचनमा निवर्तमान सभामुख पुनः प्रदेशसभा निर्वाचन लड्दै छन् ।

सभामुख र उपसभामुखको पदावधि सकिएकाले उनीहरुको नाम आफ्नो वेबसाइटबाट हटाएको सचिवालयले जानकारी दिएको छ । सचिवालयका अनुसार सभामुख श्रेष्ठ र उपसभामुख तामाङले प्राप्त सरकारी सुविधा (सरकारी निवास समेत) असोज २३ गते नै छाडिसकेका छन् ।

सभामुख र उपसभामुखलाई सरकारी आवास र सवारीसाधनको व्यवस्था हुन्छ । उनीहरुले कार्यकाल सकिना साथ आवासको सुविधा र सवारीसाधन बुझाएका थिए ।

सभामुख श्रेष्ठ २०७४ माघ २७ गते नेकपा एमालेको तर्फबाटसभामुख निर्वाचित भएका थिए । माओवादी केन्द्रको तर्फबाट उपसभामुख राधिका तामाङ निर्वाचित भएकी थिइन् ।

## संविधानका हस्ताक्षरकर्तालाई चिनेर मतदान गर्नूस्: *डीना*



साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट गठबन्धनकी साझा उम्मेदवार महालक्ष्मी उपाध्याय 'डीना'ले संविधानका हस्ताक्षर कर्ताहरुलाई चिनेर मतदान गर्न आग्रह गरेकी छन् ।

नेपाली कांग्रेसकी एकमात्र महिला पदाधिकारी केन्द्रीय सह-महामन्त्री डीनाले लोकतान्त्रिक संविधानका हस्ताक्षरकर्ताहरुलाई चिनेर मतदान गर्नुपर्ने बताएकी हुन् । डीनाले ४ मंसिरमा हुने चुनावमा उठेका उम्मेदवारलाई राम्रोसँग चिन्न आग्रह गरेकी हुन् ।

चुनावमा उठेका मध्ये क-कसले लोकतान्त्रिक संविधानको रक्षा गरे र को संविधानको बर्खिलाप गयो भन्ने चिन्न उनको आग्रह थियो । डीनाले राप्रपा नेपालका अध्यक्ष कमल थापा र राप्रपाका उम्मेदवार दिपकबहादुर सिंहसँग प्रतिस्पर्धा गर्दैछिन् । डीनाको भनाई संविधानको विपक्षमा हिँडेकाहरुलाई जनताले चिन्नु पर्ने र संविधान बनाउन भूमिका खेल्नेलाई जिताउन आग्रह थियो । तत्कालीन समयमा थापा र सिंहको पार्टी संविधानको विरोधमा उत्रिएको थियो । डीनाले उनीहरुलाई लक्षित गरेर जनताले चिन्नु पर्ने बताएकी हुन् । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ गठबन्धन दलले आयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा बोल्दै सह-महामन्त्री डीनाले नेकपा एमालेका अध्यक्ष ओली आफैंले संविधान मास्न दुई-दुई पटक संसद विघटन गरेको स्मरण गराउँदै त्यही संविधानको विरुद्धमा संसद बाहिर बसेको राप्रपा नेपालका कमल थापालाई उम्मेदवार बनाएको बताइन् ।

उनले लोकतान्त्रिक पद्धतीलाई स्थायीत्व दिने कुरामा गठबन्धन दल प्रतिवद्ध रहेको उल्लेख गर्दै लोकतान्त्रि संविधानको पूर्ण कायान्वयनको यात्रामा गठबन्धन दलहरु सँगै रहने बताएकी छन् । नेतृ डीनाले कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीबाट उम्मेदार बनेकाहरुलाई आफु मतदान गर्न र अरुलाई मतदान गर्न लगाउँन सबैसँग आग्रह गरिन ।

कार्यक्रममा माओवादी केन्द्रका बागमती प्रदेश उपाध्यक्ष एवम् प्रदेश सभा क्षेत्र नम्बर १ 'क' का उम्मेदवार प्रेमबहादर पुलामी छिन्तुले गठबन्धनका उम्मेदवारले जिते मात्रै लोकतन्त्र र संविधानले पूर्णता पाउने दावी गरे ।

उनले जनताकै माया र विश्वासमा स्थानीय निकाय निर्वाचन जितेको स्मरण गराउँदै फेरी पनि साथ र सहयोगको लागी आग्रह गरेका छन् । यसैगरी प्रतिनिधि सभा क्षेत्र नम्बर १ को ख बाट उम्मेदवार बनेका नेपाली कांग्रेसका नेता आनन्दरामा पराजुलीले जनचाहना पुरा गर्नका लागी गठबन्धनका उम्मेदवारहरुलाई जिताउन आग्रह गरे । उनले संविधान विरोधीहरुले जित्न नहुनेमा सचेत रहन पनि आग्रह गरे ।

नेपाली कांग्रेस ९ नम्बर वडा समितिका सभापति बिरेन्द्रकुमार लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सभाका समानुपातिक उम्मेदवार लक्ष्मी श्रेष्ठ, नेकपा माओवादी केन्द्र मकवानपुरका समन्वय संयोजक सर्केस घलान, नेकपा एकीकृत समाजवादी मकवानपुरका सचिव बिष्णु दाहाल, नेपाली कांग्रेस हेटौंडा नगरसभापति उत्सव इटेनी लगायत गठबन्धन आवद्ध दलका स्थानीय नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

## मनकामनामाई सहकारीको १४ औं साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ श्रीमनकामनामाई बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडा-१९, बस्तिपुरको १४ औं वार्षिक साधारणसभा भएको छ ।

सहकारीका अध्यक्ष हरिवंश भेटवालको सभाध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघ अध्यक्ष कल्पना श्रेष्ठको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

सभामा संस्थाका सचिव सुवासचन्द्र कँडेल, कोषाध्यक्ष राममणि बर्तौला तथा लेखा समिति, ऋण उपसमिति र शिक्षा उपसमितिको प्रतिवेदन प्रस्तुत गरिएको थियो । सहकारीको गत आर्थिक वर्ष २०७८/०७९ मा ९९ लाख ७७ हजार ७ सय रुपैयाँ शेयर पुँजी रहेको छ । सहकारीलाई गत आवमा १७ लाख ७ हजार १ सय ५२ रुपैयाँ खुद नाफा भएको जनाइएको छ ।

२०६४/०६५ मा ८ लाख रुपैयाँ बचत रकमबाट सुरु भएको सहकारीले २०७९ असार मसान्तसम्म आइपुग्दा २ हजार ३ सय २७ जना शेयर सदस्यता र ९९ लाख ७७ हजार ७ सय शेयर पुँजी रहेको र वार्षिक करिब १० करोड रुपैयाँको कारोबारगर्न सफल भएको सहकारीले जानकारी दिएको छ ।

साधारणसभाको अबसरमा सहकारीले नरबहादुर बर्तौला, सिता अर्याललाई वृद्धवृद्धातर्फ सम्मान गरेको छ । बचतकर्तातर्फ प्रथम सुभद्रा कुमारी तिमल्सिना, दोस्रो सरिता सुवेदी हुन सफल भए ।

एक्ल महिलातर्फ सानुकान्छी ढकाल, असर ऋणितर्फ १२ जनामा भएको गोलाप्रथाबाट सुर्यबहादुर तामाङ, बाल बचततर्फ निमेष गर्तौला र दिब्यान्स गर्तौला, प्लस टु परीक्षामा उत्कृष्ट अंक ल्याउने मिराज भेटवाल र एसईईमा उत्कृष्ट दिपिका गुरागाईलाई सम्मान गरिएको थियो । राष्ट्रिय सहकारी बैंकका प्रतिनिधि बेदप्रसाद तिमल्सिना, समाजसेवी हरिबहादुर पण्डित, लेखा समिति संयोजक बसन्त सिटौलालगायतको आतिथ्यता थियो ।

## समूहबाट सहकारी बनेको महिला सेवाको ३० करोड कारोबार

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/दुई दशक अघि बनेको महिलाहरुको समूहबाट संगठित भएर ठडिएको महिला सेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले ३० करोडको कारोबार गर्न सफल भएको छ ।

प्लान इन्टरनेशनल मकवानपुरको कार्यक्रमले हेटौंडा-१२ का महिलाहरुलाई एकीकृत गरी महिला समूह बनाएको थियो । सोही समूह बिस्तार भइ जन्मिएको महिला सेवा साकोसले शनिवार २२ औं वार्षिक साधारणसभा गरेको छ ।

हेटौंडा उपमहानगर पभित्रका ठूला सहकारीहरुमध्येको महिला सेवाले गत आर्थिक वर्ष २०७८/०७९ मा ३० करोड ८४ लाख ६८ हजार ९ सय ८४ रुपैयाँको कारोबार गरेको जानकारी दिएको छ । सहकारीकी अध्यक्ष यशोदा पराजुलीको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यतामा साधारणसभा भएको थियो ।

सहकारीलेआव २०७८/०८९ मा शेयर पुर्जीं २ करोड ८० लाख ३ हजार ३ सय रहनुका साथै जगेडा कोषमा १ करोड ३५ लाख १२ हजार ६ सय ४९ रुपैयाँ रहेको प्रस्तुत प्रतिवेदनमा उल्लेख रहेको छ ।

पाँच हजार पाँच जना शेयर सदस्य रहेको सहकारीले आफ्ना शेयर सदस्यलाई २५ करोड ६२ लाख ५४ हजार ६ सय ९० लगानी गरेको र संस्थाको बचत निक्षेप १९ करोड ११ लाख ६१ हजार ८४२ रुपैयाँ रहेको



संस्थाका व्यवस्थापक सुशीला वाईवाले जानकारी दिएकी छन् ।

सहकारीले साधारणसभाको अबसरमा विभिन्न विधामा सम्मान तथा पुरस्कृत गरेको थियो । सभामा दुई सन्तान छोरी जन्माई बन्ध्याकरण गरेका पार्वती खनालका जोडी र उत्कृष्ट कर्मचारी दैनिक बचत संकलक शर्मिला थिङलाई पनि सम्मान गरिएको थियो ।

सहकारीले ज्येष्ठ शेयर सदस्यतर्फ ठुलीमाया थिङ, शान्तिदेवी भोम्जन, फुलमाया पाखिन, पदमकुमारी लामा र ठुलीमाया थिङलाई सम्मान गरेको हो । एकल महिलातर्फ दुर्गाकुमारी दर्जी, शान्तिमाया स्याङ्तान, रमा रुम्बा, बुद्धिमाया थिङ, सुकुमाया थिङलाई सम्मान गरिएको छ । सभामा सहकारीले उत्कृष्ट समूहतर्फ सुर्यमुखी महिला समूह, कुमारी महिला समूह र मितेरी महिला समूह र एक बाल समूहलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा हेटौंडा उपमहानगरका सहकारी शाखा प्रमुख हिम प्रसाद पौडेल, जिल्ला सहकारी संघका उपाध्यक्ष मेनुका दाहाल, जिल्ला बचत तथा ऋण सहकारी संघका सदस्य जुना दंगाल, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, कार्यपालिका सदस्य रुक्मिणी गोङ्बा, महिला मिलन साकोसका सदस्य संगीता वाईवा, ग्रामिण महिला सेवा केन्द्रकी उपाध्यक्ष लक्ष्मी मोक्तान, आधुनिक महिला जागृति साकोसका कोषाध्यक्ष लक्ष्मी ढुंगेल, जिल्ला बचत संघका व्यवस्थापक सुमित्रा कुमारी वाईवा, संस्थाका लेखा संयोजक अचला शर्मालगायतको आतिथ्यता थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उत्पादनमूलक खाद्यबस्तुको पारदर्शिता होस्

हरेक वर्ष विश्व खाद्यान्न दिवस अक्टोबर १६ मा मनाउने गरिन्छ । अक्टोबर १६ को दिन विश्वभरी खाद्यान्न सङ्कट र भोकमरीको विरुद्ध ऐक्यवद्ध भई लड्नका लागि विश्व खाद्यान्न दिवस मनाइन्छ । जलवायु परिवर्तनले निम्त्याएको सबैभन्दा ठूलो चुनौती भनेको खाद्यान्न सङ्कट नै हो । स्थानीय विशेषता रहेका अन्नबाली बिस्तारै उत्पादन हुन छाड्नु, अत्यधिक विषादीको प्रयोगले उत्पादनशील विशेषतायुक्त माटोको क्षमतामा ह्रास आउनु र बिस्तारै रैथाने बिउ बिजन लोप हुँदै जानु २१ औं शताब्दीको खाद्यान्न व्यवस्थापनको चुनौती हो ।

नेपालको सन्दर्भमा हिजोआज मान्छेहरू एक ठाँउबाट अर्को ठाउँमा अनि एउटा देशबाट अर्कोमा बसाई सरेको देखिन्छ । बसाँईसराई र खाद्यान्नको सुरक्षा एउटा गहन सम्बन्ध भएको तथ्य हो । धेरैजसो मान्छेहरु किसानहरु कृषि पेशामा आधारित छन् । जसलाई बढ्दो पृथ्वीको तापक्रम, प्रकृति अनि मौसमसम्बन्धी बारम्बार हुने प्रकोपहरूले धेरै दु:ख दिने गर्दछ । जसले गर्दा खाद्यन्नमा कमी आउने गर्दछ । अझै पनि हामीहरू व्यवसायी कृषिमा सक्षम छैनौं र त्यसका मूल कारण कृषिशिक्षामा विद्यार्थीहरूलाई प्रोत्साहन, आकर्षण गर्न नसक्नु, सरकारी नीति निर्माणका कुराहरूमा गफ धेरै काम कम हुनु अथवा यस्ता अन्य अनेक कारणहरू छन् । वर्षभरि परिवारलाई खान पुग्ने अन्नलाई भकारीमा थुपार्नुसम्म मात्र कृषि कार्यलाई सीमित गर्न हुँदैन, कृषिमा क्रान्ति ल्याउन जरुरी छ र कृषिलाई सरल पेशा नबनाएर यसलाई उद्योगका रूपमा परिभाषित गर्न जरुरी छ । हाम्रो कृषि पेशा र संलग्न कृषक एउटा सफल उद्यमी र समाजसेवी भएर पेशालाई आफू पनि बाँच्ने र समुदायसम्म गुणस्तरीय उत्पादन पुर्‍याउने एउटा उदाहरण नबनेसम्म हाम्रो कृषिमा परिवर्तन आउन सक्दैन ।

हिजोआज नेपालीहरु विदेशतर्फ आकर्षित हुन थालेपछि हाम्रा हलो र जुवाहरूमा खिया लाग्न थालेका छन्, गोरु र गोठ सुनसान भएको छ । बारीहरु जङ्गल भएका छन् । भकारीबाट झिकेर खाइने धान चामलको साटो बोरामा पसलबाट अन्न आउन थालेको छ तर, हाम्रो उब्जाशील खेत र माटोहरू बाँझै छन् । अबका दिनमा नेपाली माटोहरू व्यवसायी प्रकृतिमा खोस्निने प्रणाली आउन्, देशमै कृषि औजारका कारखाना र अनुसन्धान कार्य पूर्वजीवित बनाइयोस् र कृषिलाई सहज कर्जा र पूँजी उपलब्ध हुन सकोस् । मझौलियाहरुको चलखेल कम होस् र उत्पादक र उपभोक्ताबीच पारदर्शी सम्बन्ध कायम होस् । भूमिको वितरण पनि उत्पादन सहयोगी रूपमा होस्, सिँचाइको सुविधा सरल होस् अनि बजार व्यवस्थापन सहज हुन सकोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ३१ गते सोमबार १७ अक्टोबर २०२२ । कार्तिक कृष्णपक्ष सप्तमी । कौलागा ११४२ ने.सं. । सूर्योदय ६:०५, सूर्यास्त ५:३१ । अन्तर्राष्ट्रिय गरिबी उन्मुलन दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको तारिफ हुनेछ | **तुला** | : अनावश्यक खर्च हुनेछ |
| **वृष** | : दाम कमाउने बेला छ | **वृश्चिक** | : चिताएको काम बन्नेछ |
| **मिथुन** | : प्रयत्न निरर्थक हुनेछ | **धनु** | : नसोचेको फाइदा पाइनेछ |
| **कर्कट** | : पढाइमा प्रगति हुनेछ | **मकर** | : चुनौतीहरु बढ्नेछन् |
| **सिंह** | : उपचारमा खर्च हुनेछ | **कुम्भ** | : आम्दानी घट्नेछ |
| **कन्या** | : लेनदेनमा विवाद हुनेछ | **मीन** | : मित्रताले हर्ष बढ्नेछ |

# आलोचनात्मक चेतको बन्ध्याकरण



कुलचन्द्र वाग्ले

**अनुशासन कायम गर्ने त पद्धतिप्रति हो, सिद्धान्तप्रति हो, नीतिप्रति हो र नैतिक मर्यादाप्रति हो । हाम्रा नेता के यस्ता लोकतान्त्रिक मूल्यको मर्यादा राख्न सक्षम भए त ? आर्जन गर्नसक्ने भए व्यक्ति नेताप्रति सम्मान हुन्छ, रहन्छ । चाकर समर्पण होइन । तर दुर्भाग्य कांग्रेसमा अहिले भइरहेछ यही । पराक्रम निरर्थक, परक्रमी सार्थक ।**

प्रदेश सभा र प्रतिनिधि सभाको दोस्रो निर्वाचन प्रक्रिया तीव्र भएको छ । गणतन्त्रात्मक प्रणालीअन्तर्गत यो दोस्रो चुनाव हो । संवैधानिक व्यवस्थाअनुरुप चुनिएका दुई सभाको पाँचवर्षे कार्यावधि लडखडाउँदै, उठ्दै पूरा भयो । यसपटकको चुनावी यात्रा आलोचनात्मक चेतको बन्ध्याकरणबाट सुरु गरिएको छ ।

निर्वाचनको लागि आधिकारिक राजनीतिक दलहरुले समानुपातिक र प्रत्यक्ष उम्मेदवारी बाँडफाँटको सौदाबाजी पूरा गरेका छन् । तालमेलमा स्थानीय तहको चुनाव सम्पन्न भएलगत्तै सुरु भएको गठबन्धन प्रयत्नले सबै जिम्मेवारीलाई ओझेलमा पारेर बल्ल आकार पाएको छ । समानुपातिकको असमावेशी दलीय छनोट पनि उदांगो भएको छ ।

आकार पाएको दुईतर्फी गठबन्धनले परिणाम प्रभावित पार्न अब 'साम, दाम, दण्ड, भेद' सबै उपायको दोहन गर्ने निश्चित छ । किनभने प्रत्याशी बनाउन अर्थात् प्रचलित शब्दमा चुनावी टिकट दिन दलका नेताहरुले पहुँच, पैसा र सम्बन्धप्रति देखाएको मोहले यही कुरा देखाइसकेको छ ।

निष्ठा, त्याग, समर्पण र सिद्धान्तको तिलाञ्जलि, आलोचनात्मक चेतलाई किनारीकृत र टिकट पाउने धेरैजसो पात्र कहीं न कतैका परिचरको प्रस्तुति हो भन्ने टिप्पणी कसको कानसम्म पुगेको छैन होला र ?

भनिन्छ, यो लोकतन्त्रको आवधिक चुनाव हो । चुनाव लोकतन्त्रको आधारशीला रे । चुनावमात्रै लोकतन्त्रको आधारशीला बन्ने भए कुन चाहिँ तानाशाही र अधिनायकवादी मुलुकमा चुनाव भएको छैन र ? त्यसैले लोकतान्त्रिक चुनाव नै लोकतन्त्रको आधारशीला हो ।

लोकतान्त्रिक चुनावका केही मूल्य, मान्यता र सर्त पनि हुँदा हुन् । त्यस्ता मान्यताको खिल्ली उडाएर गरिने चुनाव लोकतान्त्रिक भनिन सक्दैन । सबैभन्दा पहिले चुनाव सिद्धान्तबीच हुने हो । मुद्दा (एजेण्डा) को छनोट चुनाव हो । यसपटक हामी कहाँ सिद्धान्तको चुनाव हुँदैछ त ? कहाँ छ सिद्धान्त ? मुद्दा के ? टिकट त दलको पनि होइन, नेताको गोजीमा थियो । जो 'निहिरीमुन्टी न' लाई दिइयो ।

यसअघिका चुनावमा पनि यस प्रकारका पक्षपात भए होलान् तर अलि लाज जोगाएर । यसपटक चाहिँ किसुन जीले भन्नेगरेजस्तो 'एकं लज्जा परित्याज्य सर्वत्र विजयी भवेत् ।' लज्जाको पनि सम्पूर्ण मर्यादा तोडेर सबै दलले टिकट बाँडेका छन् । टिकटार्थी कसैले त किनेका पनि छन् रे । राजनीति क्रय विक्रयको व्यापार बनाइयो ।

दुई गठबन्धन चुनावी कुस्ती मैदानमा पाखुरा सुर्कँदै छन् । एकातिर कम्युनिस्ट नामको नेकपा (एमाले) पुरातनपन्थी दु:स्वप्नका पुनरुत्थानवादीको नेता हो भने अर्कोतर्फ 'नारामा सीमित ?' लोकतन्त्रको पर्याय नेपाली कांग्रेस नेता छ ।

कांग्रेससँग कम्युनिस्ट नामका अधिनायकवादी चिन्तनको धङधडी बोकेका नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) जोडिएका छन् । यी सबैलाई लोकतान्त्रिक हुन कति कठिनाइ परिरहेको छ ? त्यो देखिँदै छ अहिले । सैद्धान्तिक धरातललाई धुल्याउँदै लगेको कांग्रेसको कुरा छोडौं । नाममा कम्युनिस्टको अधिनायकी फुर्को रहुञ्जेलका कुनै पनि दल लोकतान्त्रिक बन्न सम्भव छैन । नामैले समेत त्यो दिँदैन र लोकतान्त्रिक भन्न पनि सुहाउँदैन । मात्र लाजको पसारो ।

नेपालमा पुनर्स्थापित लोकतन्त्रलाई कसले पथभ्रष्ट गर्न थाल्यो ? गणतन्त्रात्मक लोकतन्त्रलाई कसले पछार्न थाल्यो ? पहिलो त संरक्षक भनिने राष्ट्रपति नै अहिलेको प्रणाली व्यवस्थित गर्ने संविधानको हुर्मत लिँदैछिन् भन्ने सप्रमाण चर्चा सार्वजनिक भएकै छन् । उनी लोकतन्त्रलाई दुस्मन मान्ने अधिनायकवादी स्कुलकी प्रशिक्षार्थी जो हुन् ।

लोकतन्त्रलाई पथभ्रष्ट गर्ने, कमजोर पार्ने र बहुलता मास्ने त कम्युनिस्टहरुको मूल उद्देश्य नै हो । वर्गीय अधिनायकवादको एकाकी तानाशाही चलाउने उनीहरुको साध्य नै हो । त्यसैले कम्युनिस्टहरुले स्थापित लोकतन्त्रलाई बदनाम र कमजोर पारे भन्नु यथार्थ भए पनि रोइलो गर्नु प्रजातन्त्रवादी भनिनेको लागि असैद्धान्तिक कुरा हो ।

'मान्छेमार' माओवादी कथित युद्धको घोषित नारा वा उद्देश्य पुन: सम्झिए पुग्छ । कम्युनिस्टहरु त ताक पर्ने वा नपर्ने दोसाँधमा छन् । नेपालको सन्देशमूलक पुर्ख्यौली उखान नै छ, भन्न मिल्छ कि मिल्दैन ? कतै चोट पुगेजस्तो लागे क्षमा गर्नुहोला - 'ताक परे तिवारी नत्र गोतामे' । यस्तै जता पनि फर्कन मिल्ने दोसाँधे बाटोमा छन् कम्युनिस्टहरु ।

चिन्ता उखान, बखान र कम्युनिस्टहरुको कथनीभिन्न करनीको होइन । दोष आफूलाई लोकतन्त्रको पर्याय घोषित गर्ने नेपाली कांग्रेसको कथनी र करनीको ३६ से स्वरुप हो । भन्दा लोकतन्त्रवादी गर्दा विकृत अलोकतान्त्रिक चरित्र । लामो फेहरिस्त किन ? लोकतन्त्रमा विकृतिको लामो सिलसिला चल्दा कांग्रेसको विकृत अनुहारको छायाँछवी टर्लक्कै छ । त्यसैले लोकतन्त्रलाई पथभ्रष्ट गर्नेमा कांग्रेस नै प्रथम दोषी हो ।

लोकतन्त्रको संरक्षक कांग्रेस नै बन्नुपर्ने तर 'जो मुखिया उही बाटो 'वा' भनेजस्तो भएको छ । क्रमश: खुम्चिँदै, साँघुरिदै र नेतातन्त्रमा बदलिँदै लगिएको कांग्रेसले यसपटक टिकट वितरणमा आलोचनात्मक चेतमाथि तानाशाही प्रहार गरेको स्पष्ट नै छ ।

कम्युनिस्टहरु त विचार विरोधी हुन्, विविधता विरोधी । तिनले आलोचनात्मक चेतलाई ठाउँ दिने र संरक्षण गर्ने भए 'मालेमा' हुनै सक्दैनन् । त्यसैले विचार स्वतन्त्रताको मामलामा कम्युनिस्टहरुलाई विश्वास गर्नु नै फट्याइँ हो । केही कम्युनिस्टहरु बडो विचार स्वतन्त्रताको कुरा गर्छन् नि त्यो उनीहरुको सिद्धान्तविपरीतको बुद्धिविलासमात्र हो ।

घनश्याम भुसाल हुन् कि भीम रावल वा हरिबोल गजुरेल । यी यस्ता सबै आफैँले बोकेको सिद्धान्तको चाबुकी प्रताडनाले डामिएका हुन् । कम्युनिस्टमा विपरार्थीलाई डामिनु वा खत्तम गर्दिनु अनौठो होइन । पारम्पारिक संस्कार नै हो ।

नेपाली कांग्रेस त वैचारिक स्वतन्त्रताको संरक्षक, आलोचनात्मक चेतको प्रवर्धक र बहुल लोकतन्त्रको प्रवक्ता थियो । अहिले चाहिँ कांग्रेस उल्टो दिशामा हिँडेको अनुभूति नागरिकमात्रै त्यही दलका कार्यकर्ताले सबैभन्दा धेरै गरेका छन् । उदाहरण, अहिले पार्टी निर्णयलाई अन्यायी ठानेर विद्रोह गर्ने कार्यकर्ताको संख्याले नै पीडाबोध उजागर गरेको छ ।

कांग्रेसले आफ्नो निर्णयको औचित्य र इमान प्रमाणित गर्न नसकेर नै कार्यकर्तालाई कारबाहीको धम्की र डण्डा चलाएको छ । धम्की, डण्डा र प्रलोभनको भयले केहीको अडान डगमगाएको छ । केहीले 'प्राण जाए पर वचन नजाए' भनेजस्तै 'स्वतन्त्र विद्रोही' मैदान छोडेनन् ।

कांग्रेसको निर्णयले पार्टीभित्र औचित्य, इमान, न्याय र लोकतन्त्रको पुष्टि गर्थ्यो भने सयौं कार्यकर्ता विद्रोहको लागि उद्वेलित हुँदैनथे । यसपटक किन यति धेरै भए ? संगठनको शक्ति डण्डा हो र आँखा चिम्लिएर भैंसीलाई जस्तै हिर्काउने ?

नेताहरुको दिव्योपदेश हुन्छ - पार्टीमा अनुशासन हुन्छ, कार्यकर्ताले अनुशासन पालना गनुपर्छ । यहाँसम्म ठीक छ तर अनुशासन नेता भन्नेलाई लाग्दैन ? उसलाई मनपरी गर्ने छुट हुन्छ ?

अनुशासन कायम गर्ने त पद्धतिप्रति हो, सिद्धान्तप्रति हो, नीतिप्रति हो र नैतिक मर्यादाप्रति हो । हाम्रा नेता के यस्ता लोकतान्त्रिक मूल्यको मर्यादा राख्न सक्षम भए त ? आर्जन गर्नसक्ने भए व्यक्ति नेताप्रति सम्मान हुन्छ, रहन्छ । चाकर समर्पण होइन । तर दुर्भाग्य कांग्रेसमा अहिले भइरहेछ यही । पराक्रम निरर्थक, परक्रमी सार्थक ।

अहिले देखियो- कांग्रेसमा आलोचनात्मक चेतना र स्वतन्त्र विवेकको अभिव्यक्तिप्रति घातक बन्ध्याकरण भएको । व्यक्तिको कुनै पक्षपोषण होइन तर प्रतिनिधि उदाहरण - यस्तो वा विवेक बन्ध्याकरणमा परेका तीन डाक्टर मिनेन्द्र रिजाल, स्वर्णीम वाग्ले र गोविन्द पोखरेल हुन् ।

यी तीनै जना परिआउँदा सम्भावित अर्थमन्त्री हुनसक्ने व्यक्ति, अहिले नै यिनको बाटो 'नालायकहरु'ले छेके । लायकहरुले बाटो छेक्दैनन् प्रतिस्पर्धा रुचाउँछन् । लोकतन्त्र रोज्छन् । दु:खद कुरा, नेपाली कांग्रेसलाई लोकतन्त्रको मूल विन्दुबाट बाहिर धकेलिँदै छ, लघारिँदै र लछारिँदै छ । बाँकी त पुनर्जीवनको प्रतीक्षा न हो । -साभार: बाह्रखरी

# टिमवर्कको सफल उदाहरण: प्रेमगीत-३



चक्रबहादुर चन्द



कोरोना महामारी अन्त्यसँगै नेपाली चलचित्र क्षेत्रले गति लिन थालेको छ । यसैबीच नेपाली चलचित्र क्षेत्रको इतिहासमै पहिलो पटक विश्व बजारमा चलचित्र प्रेमगीत-३ ले निकै तरंग ल्याएको छ ।

प्रेमगीत-३ नेपाली भाषाबाहेक हिन्दी, उर्दु लगायत अंग्रेजी सबटाइटलमा ५० भन्दा बढी देशमा एकसाथ सिनेमा घरको सिस्टममा प्रदर्शन भयो । यो पंक्तिकार प्रेमगीत-३ को कार्यकारी निर्माताको नाताले भन्नैपर्ने हुन्छ कि यसको निर्माणमा निकै मेहनत परेको छ । संस्थापक निर्देशक छेतेन गुरुङ, सन्तोष सेनको क्याप्टेनसिप अनि स्पट ब्वाइदेखि डाइरेक्टरसम्म टिमको अथक मेहनत छ यसमा । काठमाडौंदेखि मनाङको माइनस २९ सम्मको तापक्रम अनि दुई वर्ष भारतको मुम्बईका गल्ली गल्लीका संघर्षको कथा निकै लामो छ ।

टिमवर्कको सफल उदाहरण नै अहिलेको प्रेमगीत-३ सफलताको श्रेय हो भन्ने मैले बुझेको छु । चलचित्र छायाँकनको लागी जब हामी १३० जनाभन्दा बढीको टोली मनाङ पुगेका थियौं । त्यो समय निकै कष्टकर थियो । प्रतिकुल मौसम दिनहुँको हिमपात माईनस २९ सम्मको तापक्रममा काम गर्नुपर्ने स्थिति निकै तनावपूर्ण थियो ।

हात्तीढुङ्गाको गीतको छायांकनको बेला कोरसका कैयन साथीहरु एक्कासी अग्लो उचाईमा आएको कारण नाकमुखबाट रगत बगेर लडेको डरलाग्दो स्थितिसमेत आयो । टिमका अन्य साथीहरुले बोकेर नजिकैको अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप) को स्वास्थ्य चौकीको सहयोग लिएर उपचार गरेको घटना कसरी बिर्सिनु ? यो काम निकै संवेदनशील थियो । कति काम त भगवान भरोसा नै थियो ।

हुन त केही गाह्रो भए हामीले हवाई रेस्क्यूको लागि पोखरामा हेली तम्तयार राखेका थियौं । तर केही भैहाले पनि प्रतिकुल मौसम भारी हिमपातको कारण हेली आउन सक्ने सम्भावना पनि निकै कम रहन्थ्यो । त्यहाँका स्थानीय होटल ब्यवसायीको निकै ठुलो साथ सहयोग गरेको कारण हामीले राम्रोसँग काम सम्पन्न गर्न सक्यौं ।

आज प्रेमगीत-३ को चर्चा संसारभर चलिरहँदा भने हामी निकै भावुक भएका छौं, खुशीको सीमा नै छैन । संसारका दर्शकले जुन प्रतिक्रिया दिएका छन् त्यो नै सबै टिमको खुशी हो जस्तो लाग्छ । नेपाली चलचित्रको बजार सानो छ, दर्शक सीमित छन् । चलचित्र उत्कृष्ट बन्न नसकिरहेको अवस्थामा प्रेमगीत-३ र यसको टिमले जुन साहस गरेको छ, त्यो समग्र नेपाली चलचित्रको लागि नै नयाँ ढोका खुलेको चलचित्र नगरीमा चर्चा हुन थालेको छ ।

मेकरका लागि पनि स्तरीय चलचित्र बनाउन सकेमा अव नेपाली चलचित्र विश्व बजारमा पुर्याउन सकिने साहस बढेको छ । प्रेमगीत-३ को कथा, कलाकारहरुको काम, निर्देशकीय पक्ष कस्तो छ भन्दा पनि आमदर्शकले प्रेमगीत-३ ले संसारभर खोलेको ढोकामा साथ समर्थन जनाइरहेका छन् । यो साथ समर्थन नै चलचित्रको ठुलो सफलता हो भन्ने लाग्छ ।

यति गर्दा पनि प्रेमगीत-३ चलचित्रमा हामीले विवाद खेप्नु पर्यो । कतिले आफ्नो गुमेको पहिचानलाई स्थापित गर्न खोक्रा राष्ट्रवादका भाषण गरे त कतिले गैह्रजिम्मेवारीपन देखाए । यी सबै कुराको समीक्षा त इतिहासले गर्ला नै । तर, जे भयो त्यो आफैमा दुर्भाग्यपूर्ण भयो ।

प्रेमगीत-३ साना दु:खले बनाएको चलचित्र थिएन । यसमा धेरैको कडा मेहनत छ । धेरैको साथ सहयोग रहेको प्रोजेक्ट हो यो । जसको कारण यो चलचित्र नेपालमा मात्र सीमित नभई संसारभर आफ्नो गर्विलो उपस्थिती जनाएको छ । जसरी बलिउड, हलिउडका सिनेमा संसारभर प्रदर्शन हुने गर्दछ । त्यही सिस्टममा नेपाली चलचित्र प्रदर्शन हुनु आफैमा गर्वको कुरा हो ।

तर प्रेमगीत-३ लाई हिन्दी भाषामा स्वराङ्कान गर्दा हामीले देशद्रोहीको आरोप पायौं, राष्ट्रघातीको उपमा पायौं । हुँदा हुँदा चलचित्र विकास बोर्डले पनि यो विदेशी चलचित्र हो भन्दै मन्त्रालयमा सोही अनुसारको सिफारिस गर्यो । त्यो सिफारिसलाई मन्त्रालयले ठाडै अस्वीकार्दै यो नेपाली चलचित्र नै हो भन्ने जवाफ दियो । यस किसिमको सवाल जवाफमा हामी निर्माण पक्ष करिब एक हप्ता रुमलिनु पर्यो । यस्ता गतिविधिले निकै निराशा समेत बनाएको थियो । तर पनि हामी पछाडि हटेनौ ।

अन्त्यमा प्रेमगीत-३ हिन्दी भाषामा स्वराङ्कन भएकोलाई नेपाली चलचित्रको रुपमा मान्यता दिदा सत्यको जीत भयो । यो कुनै व्यक्ति विशेषको जीत हार भन्दा पनि समग्र नेपाली चलचित्र क्षेत्रको जीत भएको थियो । यति हो कि चलचित्र प्रदर्शनमा केही दिन ढिलाइ हुँदा हामीलाई ३ देखि ४ करोडको ब्यबसायिक घाटा लाग्यो ।

प्रेमगीत-३ को सम्बन्धमा सिंगो नेपाली चलचित्र क्षेत्र नै दुई भागमा बिभाजन हुँदा बडो दु:ख लाग्यो । निर्माताको हक हितमा खोलेको निर्माता संघ र त्यसको अध्यक्षले बोलेका गैरजिम्मेवार बक्तब्यबाजीले हामीलाई निकै स्तब्ध बनाएको छ । निर्माता संघले १५ प्रतिशत विकास शुल्क छुट दिन विज्ञप्ती निकालेको होला भनी हेर्दा त उल्टो विकास शुल्क लगाउ भनी बक्तब्यबाजी गरिनु आफैमा पनि दु:खद हो जस्तो लाग्छ ।

प्रेमगीत-३ टिमको हिन्दी भाषामा समेत स्वराङ्कान नयाँ कार्य भएकोले चलचित्र निर्माण कम्पनीका पनि केही कागजी कमीकमजोरी भए होलान् । त्यसैलाई ठुलो रुप बनाएर सकभर चलचित्र नै प्रदर्शन हुन नदिने खेल दु:खदायी थियो । नेपाली भाषामा प्रेमगीत-३ प्रदर्शनको ३ दिनपछि मात्र हिन्दी भाषामा स्वराङ्कान भएको चलचित्र प्रदर्शन गर्न सकियो ।

चलचित्र प्रेमगीत-३ सम्बन्धमा जे जस्तो विवाद भयो, त्यसले नेपाली चलचित्र क्षेत्रमा हुने राजनीति अनि अन्याय कस्तो हुने रहेछ भन्ने थप प्रमाणित गरिदिएको छ । प्रेमगीत-३ चलचित्रले एउटा इतिहास कोरेको छ । बलिउडका स्टारहरूको जसरी चलचित्र प्रदर्शनमा आउँछ, त्यही हिसाबमा नेपाली चलचित्रको प्रचार बाजीदेखि प्रदर्शनसमेत हुनु आफैमा गौरवको कुरा हो । यो नेपाली चलचित्र क्षेत्रको ठुलो सफलता हो ।

यति मात्र हैन, प्रेमगीत-३ का कारण नेपालको लोकेशनलाई लिएर लाखौं भारतीयसँगै विश्वभरमा प्रचारप्रसार हुनुले नेपालको पर्यटन प्रबर्द्धनमा ठुलो योगदान पुग्ने विश्वास समेत लिइएको छ । भारतीय सिनेमा मेकरले नेपालको लोकेशनमा आफ्नो चलचित्र छायांकनका लागि छनौट समेत गरेको समाचार प्रकाशनमा आएका छन् । यो पनि आर्थिक हिसाबले राम्रो कुरा हो ।

विश्व बजारमा नेपाली चलचित्रको बलियो र गर्विलो उपस्थिति भएको छ । संभावनाका ढोकाहरु प्रेमगीत-३ ले खोलेको छ । अब नेपाली मेकरले स्तरीय चलचित्र बनाउन सकेमा विश्वबजारमा आफ्नो उपस्थिति जनाउन सहज भएको छ । प्रेमगीत-३ तीन साता पार गर्दा पनि भारत लगायतका विभिन्न देशमा अझै उत्साहजनक रुपमा प्रदर्शन भैरहेको छ । दर्शकले राम्रो प्रतिक्रिया दिइरहेका छन् । यो निकै सकारात्मक सन्देश पनि हो ।

प्रेमगीत-३ ले नेपाली चलचित्रलाई विश्व बजारमा प्रवेश गराएको मात्र छैन, व्यापारको सफलताको ढोकासमेत खोलेको छ । यस खुशीमा सिंगो राज्य अझ चलचित्र क्षेत्रका सबै परिवारले 'सेलिब्रेशन' गर्नुपर्दछ भन्ने लाग्छ ।

*लेखक प्रेमगीत ३ फिल्मका कार्यकारी निर्माता हुनि -साभार: रातोपाटी*

# अन्धविश्वासले घर-सम्पत्ति छाडेर सडकमा पुर्‍यायो



बुर्तिबाङ/ बोङ्गादोभान सडक छेउमा एउटा सानो छाप्रो छ । छाप्रोमाथि अनकन्टार भिर, तल तमानखोला । त्यही छाप्रोमा बस्छन्, ६७ वर्षीय देवीराम दर्जीको परिवार । काठ, मुडा र पुराना जस्तापाताले बनेको छाप्रोले राम्रोसँग घाम पानी छेक्दैन । देवीरामको परिवार नौ वर्षदेखि यही छाप्रोमा आश्रय लिँदै आएको छ । ढोरपाटन नगरपालिका-२ दुलेमा पर्ने बस्ने दर्जी परिवारको अवस्था निकै दयनीय छ ।

छाप्रो बनाएको ठाउँ पनि देवीरामको होइन । सार्वजनिक ठाउँ भए पनि नजिक जग्गा हुनेले आफ्नो दाबी गर्दै छोड्न दबाब दिन्छन् । उनको श्रीसम्पत्ति ढोरपाटन नगरपालिका-३ सामागाउँमा छ । गाउँमा एउटा घर, गोठ र केही जग्गा जमिन पनि छ । तर उनी कहिल्यै त्यो घरमा जाँदैनन् । घर सम्झिँदा पनि उनी झसंग हुन्छन् । उनी यसरी झस्किनुको कारण अन्धविश्वास हो । तीन वर्षमा परिवारका आठ सदस्यको मृत्यु भएपछि दर्जीले घर अशुभ भएको भन्दै नौ वर्ष अगाडि परिवार लिएर गाउँ छोडेका हुन् ।

दर्जी भन्छन्- तीन वर्षमा मेरा तीन भाइ छोरा, दुई बहिनी छोरी, आमाबाबु र छ वर्षकी भतिजी मरे, मेरो छोराछोरी ठुल्ठूलै भएर मरे, त्यो सम्झिँदा मन भक्कानिन्छ, म त निकै ठूलो पिर परेर घरबारी छाडेर यो बाटोमा आएको हुँ ।

घरमा वर्षैपिच्छे दुई जना परिवारका सदस्यको मृत्यु भएपछि ज्योतिषकहाँ गएको र ज्योतिषले घरमा राक्षसले बास गरेको छ भनेपछि घर छाडेका उनले बताए । 'घरमा वर्ष दिन नबित्दै तीन छोराछोरी मरे, तीन वर्षमा आठ जना आफन्त गुमाएँ, मलाई जति पिर कसलाई परेको होला त्यो बेला,' दर्जीले भने, 'अति भयो र काठमाडौंमा ज्योतिषलाई हात हेराउन गएँ, ज्योतिषले घरमा राक्षसले बास गरेको छ, अरूको पनि प्राण लिन्छ भन्नुभयो, छोरा र श्रीमती पनि डराए, घर अशुभ रैछ त्यही भएर गाउँ नै छाडेर हिँडेको हुँ ।'

अहिले दर्जीका कान्छा छोरा, जेठी र साइली छोरी छन् । छोरीहरू विवाह गरेर आफ्नो घरमा छन् भने कान्छा छोरासहित श्रीमती, नाति, नातिनी र बुहारी उनीसँगै बस्दै आएका छन् । दर्जीलाई छ जनाको परिवार पाल्न अहिले हम्मेहम्मे भएको छ । घर सडक छेऊमा हुँदा गाडी गुड्दा हिलो र धुलोले ढाकिने गर्छ ।

'आफ्नो भएभरको घर सम्पत्ति सबै छाडेर यहाँ आइयो, यस्तो बाटोको छेऊमा छ छाप्रो पनि, गाडी चल्दा बर्खामा हिलो छ्याप्छन्, हिउँदमा धुलो उडाउँदै जान्छन्, कसलाई के भन्ने ?, यस्तो ठाउँमा बसेर होला सबैले हेला गर्छन्, बूढेसकाल लाग्यो, काम गरी खान पनि सकिन्नँ,' उनले भने । दर्जीले अहिलेसम्म आफूले गिट्टी कुटेर, बालुवा बोकेर र मादल बेचेर परिवार चलाउँदै आएको भन्दै आफ्नो बूढेसकाल लागेपछि परिवार पाल्न गाह्रो भएको बताए । छोराले पनि काम नपाएर यत्तिकै घरमा बस्ने गरेको भन्दै आफूलाई कसैले सहयोग नगरेको गुनासो गरे ।

'अहिले त बूढेसकाल लागेछ, काम गर्न पनि गाह्रो हुन्छ, अहिलेसम्म गिट्टी, बालुवा कुटेर परिवार पालें, अब गाह्रो होलाजस्तो लाग्छ, छोरा छ, उसले पनि कामै पाउँदैन, काम पाए त उसले कमाएर ल्याउँथ्यो होला,' दर्जीले भने, 'म गरिब दु:खी हुँ, मलाई कसैले पनि सहयोग गरेको छैन, परिवार पाल्न गाह्रो भएको छ, केही सहयोग गरे त सजिलो हुन्थ्यो, नगरपालिका भन्छन्, गाउँपालिका भन्छन् तर हाम्लाई कसैले सहयोग गर्दैनन् ।'

दर्जीकी श्रीमती मीना पुरानो घरमा बसेको भए आफूहरू पनि अहिलेसम्म जिउँदो नरहने बताउँछन् । 'हामी नौ वर्ष पहिले घर छाडेर यहाँ आएको हौं, त्यसबेला घर नछाडेको भए अहिलेसम्म हामीहरू जिउँदो रहने थिएनौं, अझै पहिले नै घर छाडेका भए हाम्रा छोराछोरी पनि बाँच्ने रहेछन्, ढिलो बुद्धि आयो,' उनले भनिन्, 'ज्योतिषले अशुभ नभनेको भए अहिलेसम्म हामीहरू सबै मरिसक्थ्यौं होला ।'

दर्जीले सडक छेऊमा बस्न निकै गाह्रो भएको अनुभव सुनाए ।

'यस्तो ठाउँमा छ घर, घर पनि के भनौं यस्तो छ, जतिबेला पनि गाडी चल्छन्, दिउँसभरि काम गरेर थकाइ लाग्छ, राति गाडीको आवाजले निदाउँनै दिँदैन,' उनले भने । घर गतिलो नहुँदा पानी पर्दा चुहिने र हुरी चल्दा छानो र बार सबै उडाइदिने गरेको छ । सरकारले सानो भए पनि घर बनाइदिए आफूहरूलाई ठूलो राहत मिल्ने उनी बताउँछन् ।

'घर पानी पर्दा चुहिन्छ, हुरी चले घरको छानो र बार सबै उडाइदिन्छ, यसरी पनि रात-दिन बिताएका छौं, सरकारले हाम्रो दु:ख देखेन, सानो भए पनि ओत लाग्ने घर बनाइदिए हाम्रा लागि निकै ठूलो राहत हुने थियो,' उनले भने ।

# ४७ वर्षपछि उचाइमार्फत सारिकाको कमब्याक




काठमाडौं/ राजश्री प्रोडक्सनको प्रतीक्षित फिल्म 'उचाइ' रिलिज मिति नजिकिँदै गएपछि निर्माण पक्षले फिल्मका नयाँ पोस्टर सार्वजनिक गरिरहेका छन् । अमिताभ बच्चन, अनुपम खेर, बोमन ईरानी र परिणिती चोपडा स्टारर यो फिल्मले दोस्तीको कथा बोल्छ ।

फिल्म युनिटले हालैमात्र अभिनेत्री सारिका फिचर्ड पोस्टर सार्वजनिक गरेको छ । राजश्रीसँग सारिकाको यो दोस्रो सहकार्य हो । सन् १९७५ मा हिट फिल्म गीत 'गाता चल' मा राजश्रीसँग सहकार्य गरेकी थिइन् ।

सार्वजनिक पोस्टरमा सारिकालाई ट्रेकिङ ब्याग बोकेर हिँउको पहाडमा ट्रेक गरिरहेको देख्न सकिन्छ । यो फिल्मका अधिकांश दृश्य नेपालको हिमाली भेगमा खिचिएकाले सारिकालाई पनि सोही स्थानमा देख्न सकिन्छ ।

यो राजश्रीको ६० औं फिल्म हो । सुरज आर बडजात्याद्वारा निर्देशित यो उनको महत्वाकांक्षी प्रोजेक्ट हो । फिल्म पोस्ट प्रोडक्सनको अन्तिम चरणमा छ । फिल्म आगामी नोभेम्बर ११ मा रिलिज हुनेछ ।

-न्युज कारखाना

# नवौं राष्ट्रिय खेलकुद: टेनिसमा आर्मीका दुवै टोली फाइनलमा



कास्की/ नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत टेनिसको 'टिम इभेन्ट'तर्फको प्रतिस्पर्धामा विभागीय नेपाली सेनाका दुवै टोली फाइनलमा प्रवेश गरेका छन् । यसैगरी आयोजक गण्डकी प्रदेश पनि फाइनलमा प्रवेश गरेको छ ।

नेपालको शीर्ष वरियताका टेनिस खेलाडी प्रदीप खड्काको टोली आयोजक गण्डकी र सेनाको टोलीले पुरुषतर्फ फाइनलमा स्थान बनाएका हुन् । यसैगरी महिलातर्फ नेपाली सेना र सशस्त्र प्रहरीको एपिएफले फाइनलमा स्थान बनाए ।

पोखरा रंगशालाको टेनिस कोर्टमा आज भएको खेलमा टिम इभेन्ट विधाको पुरुष एकल विधामा गण्डकीका खड्काले सशस्त्रका सन्तोष खत्रीलाई ६-३,६-३ सेटमा पराजित गरे । यसैगरी गण्डकीका अनिल शाही र सशस्त्रका आयुष्मान घलेबीचको खेलमा ६-१, ६-० सेटमा शाही विजयी भए ।

पुरुष डबलसतर्फको प्रतिस्पर्धामा गण्डकीका आशिष कुमार र सौगात विकेको जोडीले एपिएफका निश्चल र श्रीयोगको जोडीमाथि ४-१, ४-२ सेटको जित निकालेपछि गण्डकीले फाइनलमा स्थान बनाउन सफल भएको हो ।

यसैगरी पुरुष एकलको अर्को खेलमा पुलिसका आर्यन गिरीले आर्मीका एकी रावतलाई ६-२, ६-४ को सेटमा पराजित गरे । आर्मीका प्रनभ खनाल र पुलिसका प्रनभ मानन्धरबीचको खेल ६-३, ६-१ को सेटमा खनाल विजयी भए । पुरुष डबल्सतर्फ आर्मीका प्रनभ र एकीको जोडीले पुलिसका आर्यन र प्रनभको जोडीलाई ६-२, ७-६ को सेटमा पराजित गरेपछि आर्मीले फाइनलमा स्थान पक्का गरेको हो ।

टिम इभेन्टको महिला एकलतर्फको प्रतिस्र्धामा आर्मीका इरा रावत र अभिलाषा विष्ट विजयी भए । उनहरुले क्रमश: पुलिका प्रशंसा मोक्तान र पुलिसका इसा डोल्लकर गुरुङलाई पराजित गरे ।

महिला डबल्सतर्फ पुलिसका आइसा र प्रशंसाको जोडीले आर्मीका इसा श्री र सुभांगीको जोडीलाई पराजित गरे । महिला एकलतर्फ एपिएफका सुनिरा थापा र सर्भानी श्रेष्ठ विजयी भए ।

डबलसतर्फ सर्भानी र डिब्नाको जोडीले बागमतीका प्रकृति र रायानाको जोडीलाई पराजित गरेपछि एपिएफ टिम इभेन्टको फाइनलमा प्रवेश गर्न सफल भयो ।

यसैगरी व्यक्तिगत इभेन्टको पुरुष एकलतर्फ मधेश प्रदेशका राजवीर प्रधान एनआएर एनएका कृष्ण थापालाई पराजित गरी प्रिक्वार्टरफाइनलमा प्रवेश गरे । पुरुष डबल्सतर्फ एनआर एनएको आरभ र डावाको जोडी, पुलिसका प्रनभ र आर्यनको जोडी, गण्डकीका आशिष र सौगात तथा लुम्बिनीका रितिक र सक्षमको जोडी क्वार्टरफाइनलमा प्रवेश गर्न सफल भयो ।

यसैगरी महिला डबल्सतर्फ एपिएफका सुनिता र सर्भानीको जोडी तथा बागमतीका प्रकृति र रायानाको जोडी अन्तिम चारमा पुगेको छ ।

मिक्स डबल्सतर्फ गण्डकीका सौगात विके र श्रीया भट्टराईको जोडी र बागमतीका रोजन र अजयको जोडी क्वार्टरफाइनलमा प्रवेश गरेको नेपाल टेनिस सैका कार्यालय प्रमुख प्रविन देवकोटाले जानकारी दिए ।

*-साभार: खबरहब*

# इराकको सदरको समूह नयाँ सरकारमा सामेल नहुने



बग्दाद/ इराकी धर्मगुरु मोक्तदा सदरको समूहले भावी प्रधानमन्त्री मोहम्मद शिया अल सुडानीले गठन गर्न लागेको नयाँ सरकारमा सहभागी हुन अस्वीकार गरेको शनिबार घोषणा गरेको छ ।

सन् २०२१ को अक्टोबरमा भएको निर्वाचनदेखि एक वर्षदेखि जारी राजनीतिक गतिरोध अन्त्य गर्न सांसदहरूले अब्दुल लतिफ र सिदलाई इराकको नयाँ राष्ट्रपतिमा निर्वाचित गरेको दुई दिनपछि सुडानीलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको र त्यसको पनि दुई दिनपछि यो घोषणा गरिएको हो ।

बाउन्न वर्षीय शिया पूर्वमन्त्री सुडानीलाई सदरको इरान समर्थित प्रतिद्वन्द्वी कोअर्डिनेसन फ्रेमवर्कको समर्थन छ, जसले इराकी विधायिकाको ३२९ मध्ये १३८ सिट जितेको छ ।

गत जुनमा सदरले आफ्नो समूहका ७३ सांसदलाई राजीनामा दिन आदेश दिएका थिए र संसद फ्रेमवर्कको हातमा छोडिदिएका थिए, जसमा पूर्व अर्धसैनिक बल हशेद अल-शाबीका प्रतिनिधिहरू सामेल छन् ।

शनिबार जारी वक्तव्यमा इराकीले आगामी सरकारले 'मिलिशियाको स्पष्ट अधीनमा रहेको' र 'जनताको आकांषा पूरा गर्न नसक्ने' आरोप लगाएका छन् । सुडानी नेताको नेतृत्वमा रहेको कुनै पनि सरकारमा भाग लिन वा पुराना अनुहार वा भ्रष्टाचारीसँग सम्बद्ध अन्य कुनै पनि उम्मेदवारलाई आन्दोलनले भाग लिन अस्वीकार गरेको उनले बताए । सन् २०१९ को अक्टोबरमा भ्रष्टाचार, खस्कँदो पूर्वाधार र युवाका लागि सेवा र रोजगारीको अभावको विरोधमा देशव्यापी विरोध प्रदर्शन भएपछि गत वर्ष मध्यावधि निर्वाचन सम्पन्न भएको थियो ।

तेल निर्यातबाट प्राप्त हुने राजस्वमा ८७ अर्ब अमेरिकी डलर केन्द्रीय बैंकको ढुकुटीमा थन्किएर बसेको अवस्थामा आगामी क्याबिनेटका लागि यो जोखिम उच्च छ ।

यो रकमले युद्धग्रस्त देशमा पूर्वाधार पुनर्निर्माणमा सहयोग गर्न सक्छ, तर सरकारले प्रस्तुत गरेको राज्य बजेटलाई सांसदहरूले अनुमोदन गरेपछि मात्र लगानी गर्न सकिन्छ ।

सुडानीले इराकको उद्योग, कृषि र निजी क्षेत्रलाई पुनर्जीवित गर्ने गरी 'आर्थिक सुधार' अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । नवनियुक्त प्रधानमन्त्रीले इराकी युवाहरूलाई 'रोजगारीको अवसर र आवास' प्रदान गर्ने वाचा पनि गरेको छन् ।

-खबरहब

# तिहार नजिकिएसँगै ओखरको आयात बढ्दै



काठमाडौं/ तिहारलाई लक्षित गरी रसुवागढी नाकाबाट ओखर तथा स्याउ आयात हुन थालेको छ । चालु आर्थिक वर्षको साउनदेखि नै अत्यन्तै न्यूनरूपमा आयात भइरहेको चिनियाँ दाँते ओखर तथा स्याउ दसैंपछि दैनिक आयात हुन थालेको हो ।

दसैं सकिएलगत्तै चार दिनको अन्तरालमा २६ कन्टेनर ओखर र १८ कन्टेनर स्याउ रसुवागढी नाकाबाट नेपाल भित्रिएको सीमा सुरक्षाकर्मीले बताएका छन् ।

चालु आर्थिक वर्षको साउनदेखि दसैं अगाडिसम्मको तथ्यांकले १६ कन्टेनर दाँते ओखर, चार कन्टेनर स्याउमात्र आयात भएको देखाएको छ । नेपालीको दोस्रो ठूलो चाडपर्व तिहार भएका कारण पछिल्लो समय स्याउका साथै ओखरको आयात बढ्न थालेको हो ।

अन्य सामानको संख्या सबै गणना गर्नुपर्ने र स्याउ तथा ओखरको शुल्कमा प्रति कन्टेनरको मात्र हिसाब हुने भएका कारण ढुवानीकर्ताको रोजाइ पहिलो फलफूल हुने गरेको पाइएको छ ।

लोड भएका नेपाली कन्टेनर डिब्बा भन्सार प्रक्रिया पूरा गरी क्रमिकरूपले काठमाडौंका लागि छुटिरहेकाले अबका दिनमा ओखर तथा स्याउ खरिदको मूल्य सर्वसुलभ हुने अपेक्षा छ ।

तिहार पर्वनजिकिइसकेको र मन्दिरमा चढाउनेदेखि बिरामीलाई खुवाउनसमेत फलफूलका रूपमा स्याउ नै पहिलो रोजाइ हुने गरेका कारण व्यवसायीले स्याउ आयातलाई प्राथमिकता दिँदै आएको व्यवसायी धर्म पौडेलले बताए । नेपाली व्यापारीले माग गरेलगतै चिनियाँ ढुवानी कम्पनी मुसा ट्रान्सपोर्टले छिटो-छरितो रुपमा सामान रसुवागढी पुर्‍याउने गरेको व्यवसायीले बताउँदै आएका छन् ।

चीनको केरुङ क्षेत्रमा कोभिड संक्रमण बढेको भन्दै चिनियाँ सीमा अधिकारीले गत साउन २१ गतेदेखि भदौ २९ गतेसम्म बन्द गराएको आयात ३० गतेदेखि पुन: सुरु भएको र पहिलाको तुलनामा आयात परिमाणसमेत केही मात्रामा बढेको सीमा अधिकारीले बताएका छन् ।

चालु आर्थिक वर्षको गत साउनदेखि असोज २७ गतेसम्म आयात भएका सामग्रीको मूल्यांकनबाट कुल १ अर्ब ४१ करोड भन्सार शुल्कवापत राजस्व दाखिला भइसकेको प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीले जानकारी दिए ।

आयात भएका सामग्रीमध्ये स्याउ तथा हाइड्रोपावरका सामग्रीको शुल्क अत्यन्तै कम हुने प्रावधान छ । भन्सार हातामा प्रवेश गरेका सामग्री छिटोभन्दा छिटो मूल्यांकन गराइ जाँचपास गराउन यथेष्ट मात्रामा जाँचकी परिचालन गरिएको अधिकृत भण्डारीले बताए ।

भदौ ३० गतेयता समग्रमा रेडिमेट एक सय ७८, हाइड्रोका ८०, मेडिकल सामग्री दुई, फर्निचर दुई कन्टेनर डिब्बा र इलेक्ट्री कार नौ, इलेक्ट्री स्कुटरी तीनवटा आयात भइसकेको सीमा सुरक्षाकर्मीले बताएका छन् ।

-साभार: अनलाइनखबर

# नयाँ उचाइमा अमेरिकी डलरको मूल्य

काठमाडौं/ अमेरिकी डलरको मूल्य पुन: बढेर नयाँ रेकर्ड बनाएको छ ।

१८ असोज शुक्रबार १ अमेरिकी डलरको विनिमय दर (बिक्री मूल्य) १३२ रुपैयाँ ६ पैसा र खरिद मूल्य १३१ रुपैयाँ ४६ पैसा पुगेको छ ।

२२ असोजको १ अमेरिकी डलरको बिक्री मूल्य १३२ रुपैयाँ २ पैसा र खरिद मूल्य १३१ रुपैयाँ ४२ पैसा रहेको थियो ।

२५ असोजसम्म स्थिर रहेको डलरको मूल्य २६ र २७ असोजको लागि बिक्री दर १३२ रुपैयाँ १ पैसा र खरिददर १३१ रुपैयाँ ४१ पैसा रहेको थियो ।

अमेरिकी डलरको तुलनामा भारतीय मुद्रा लगातार कमजोर बन्दा नेपाली मुद्रा पनि कमजोर बन्दै गएको छ । पछिल्लो पटक दुई साता अगाडि अमेरिकी केन्द्रीय बैंक फेडेरल रिजर्भ (फेड) ले ब्याजदर वृद्धि गरेसँगै डलरसँग भारतिय रुपैयाँ (भारु) लगातार कमजोर बन्दै गएको छ ।

भारतीय मुद्रा कमजोर बन्दा स्थिर विनिमय दरको कारण नेपाली मुद्रा पनि हालसम्मकै कमजोर बनेको छ ।

९ असोज शुक्रबार करिब २ महिना अगाडिको मूल्यबाट माथि लागेको डलरको मूल्य त्यसयता लगातर बढ्दो क्रममा नै देखिएको छ । ९ असोज शुक्रबार १ अमेरिकी डलरको बिक्री मूल्य १२९ रुपैयाँ ६८ पैसा रहेको र खरिद मूल्य १२९ रुपैयाँ ८ पैसा रहेको थियो । अगामी दिनमा फेडले ब्याजदर थप बढाउने प्रक्षेपण भइरहँदा डलर बलियो बनेको अर्थशास्त्रीहरु बताउँछन् । फेडले ब्याजदर बढाउँदा भारतसहित विश्वभरी रहेको अमेरिकी लगानी (पोर्टफोलियो) अमेरिका फिर्ता हुँदा डलर झनै बलियो बन्दै गएको जानकारहरु बताउँछन् ।

फेडल ब्याजदर बढाउँदा विशेष गरेर भारतमा रहेको अमेरीकी लगानी फिर्ता जाँदा भारु कमजोर बन्न पुगेको र जसले गर्दा नेपाली मुद्रा पनि कमजोर बनेको हो । मुद्रास्फीति नियन्त्रण गर्न विश्वभरका केन्द्रीय बैंकले ब्याजदर वृद्धि गरिरहेका छन् । सोहीबीच अमेरिकी केन्द्रीय बैंकले पनि ब्याजदर बढाउँदा डलर थप बलियो बनेको हो ।

-अनलाइनखबरबाट

# तीन निर्वाचन चिह्नमा हेरफेर



काठमाडौं/ निर्वाचन आयोगले तीन निर्वाचन चिह्नमा हेरफेर गरेको छ । आउँदो मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि निर्धारितमध्ये तीन चिह्नमा सामान्य हेरफेर गरिएको आयोगले जनाएको छ ।

'निर्वाचन आयोगको अभिलेखमा रहेको निर्वाचन चिह्नको नाम र चिह्नमा केही भिन्नता देखिएको र आयोगमा रहेको अभिलेख र निर्देशिकामा रहेको विवरणबीच भिन्नता पाइएकाले उक्त निर्णय गरिएको हो,' आयोगद्वारा शनिबार जारी विज्ञप्तिमा उल्लेख छ ।

हाम्रो नेपाली पार्टीको निर्वाचन चिह्न लौरो र स्वतन्त्र उमेदवारका लागि निर्धारित चिह्न अन्तर्गत डोजर र क्रस खुकुरीमा हेरफेर गरिएको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।


एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा डेंगु संक्रमित संख्या चार हजार नाघ्यो

साझाकुरा संवाददाता



हेटौंडा, २९ असोज/ कोरोना (कोभिड-१९) महामारीलाई सम्झाउने गरी मकवानपुरमा डेंगु संक्रमण दैनिक दोहोर अंकमा बढिरहेको छ । मकवानपुरमा कोरोना महामारीलाई सम्झाउने गरी एडिस जातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुन डेंगु संक्रमण फैलिएको हो ।

जिल्लाका १० वटै स्थानीय तहमा डेंगु संक्रमण फैलिएको छ । जसमध्ये हेटौंडामा डेंगु संक्रमण भयावह बन्दै गइरहेको छ । जिल्लामामा डेंगु संक्रमण हुनेको संख्या दिनप्रति दिन बढ्दै गएको छ । मकवानपुरमा शुक्रबारसम्म ४ हजार १ सय भन्दा बढीमा संक्रमण भएको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार शुक्रबार थप २ सय ७ जनामा डेंगु देखिएसँगै संक्रमण हुनेको सख्या ४ हजार १ सय ३१ पुगेको हो । बिहीवार एकैदिन जिल्लामा १ सय ६२ जना नयाँ डेंगु संक्रमित थपिएका थिए । शनिवार डेंगु संक्रमित फेला परेपनि सार्वजनिक विदाका कारण स्वास्थ्य कार्यालयले तथ्यांक उपलब्ध गराएको छैन् । सबैभन्दा बढी डेंगु संक्रमित हेटौंडा उपमहानगरपालिका भित्रका रहेका छन् । हेटौंडामा हालसम्म ३ हजार ४ सय ७५ जनामा संक्रमण भएको कार्यालयले जनाएको छ ।

हेटौंडासँगै मनहरी गाउँपालिका, थाहा नगरपालिका र मकवानपुरगढीमा पनि डेंगुका बिरामीहरु बढिरहेका छन् । डेंगु बढेसँगै जिल्लाका अस्पताल र निजी स्वास्थ्य क्लिनिकहरुमा बिरामीको चाप पनि बढेको छ । एडिस जातको पोथी लामखुट्टे ग्रामिण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा बढी पाइने गर्छ । जसकारण सहरी क्षेत्रमा डेंगु संक्रमण फैलिरहेको हो ।

डेंगु हुँदा उच्च ज्वरो आउने, कडा खालको टाउको दुखाइ हुने, आँखाको गेडी पछाडि दुख्ने, सामान्य रुघा लाग्ने, वान्ता हुने, शरीरमा राता खालका बिमिरा देखिने, कडा खालको डेंगुमा विभिन्न जटिलताका लक्षण देखिने हुन्छ । स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकृत लक्ष्मण घिमिरेका अनुसार गत आर्थिक वर्ष २०७८/०७९ मा १ सय ९५ जना डेंगुको संक्रमणमा रहेपनि चालु आर्थिक वर्ष २०७९/०८० मा अहिले सम्म ३ हजार ७ सय ६२ जना डेंगुको बिरामी भैसकेका छन् ।

अहिलेको संक्रमण दर अनुसार डेंगु डरलाग्दो अवस्थामा पुगेको उनले बताए । हेटौंडामा डेंगुका बिरामी उपचार पछि निको भएपनि दोहोरीने बिरामीहरुपनि फेला परेको तथ्याङ छ ।

असारको अन्तिम साताबाट डेंगुको बिरामी देखिन थालेपछि हेटौंडा उपमहानगरपालिकाले स्वास्थ्य कार्यालय मकवानपुरको समन्वयमा नगरभरी डेंगु रोग फैलाउने लामखुट्टेको लर्भा नष्ट गर्ने कार्यक्रमसँगै स्प्रे अभियानलाई पनि अघि बढाएको छ । तर, डेंगु संक्रमण नियन्त्रणमा आउन सकेको छैन् । नियमित स्प्रे गर्दा पनि डेंगु नियन्त्रणमा नआउनुले थप समस्या भएको उपमहानगरपालिकाले जनाएको छ । अहिले घर बाहिर भन्दा पनि नगरवासीले घर भित्रको सुरक्षालाई ध्यान दिन आवश्यक रहेको मेयर मिनाकुमारी लामाले बताइन् ।

उपमहानगरपालिकाले १ देखि १९ नम्बर वडा र स्थानीयको माग अनुसार स्प्रे अभियान चलाइएको जनाइएको छ । बढीमात्रामा बजार क्षेत्रमा डेंगुका बिरामीहरु घेरै देखिएकाले अभियानलाई बजार केन्द्रित गरिएको उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

उपमहानगरले हेटौंडा बजार क्षेत्रको २, ४, ५, १, १० नम्बर वडालाई प्राथमिकतामा राखेर स्प्रे अभियान चलाइरहेको छ । जोखिम पूर्ण वडाको रुपमा रहेको ४ नम्बर वडालाई विषेश प्राथमिकतामा राखेको अभियानलाई सञ्चालन गरिरहेको उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

# रातोमाटे टोल विकासको अध्यक्षमा पुन: श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १५ स्थित रातोमाटे टोल विकास संस्थाको अध्यक्षमा पुन: लक्ष्मी श्रेष्ठ चयन भएकी छिन् ।

संस्थाको तेस्रो अधिवेशनबाट श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो । संस्थाको उपाध्यक्षमा राजु श्रेष्ठ, सचिवमा प्रमिला वाईवा, कोषाध्यक्षमा विनिता बज्यू चयन भएका छन् । संस्थाको सदस्यहरुमा कुमारी लामा, पम्फामाया गोले, हर्क सिं वाईवा, प्रेम बहादुर तितुङ, मनमाया वाईवा, सुमित्रा लो र सुवर्ण सिं वाईवा चयन भएका छन् । श्रेष्ठको अध्यक्षमा भएको सभामा वडा नम्बर १५ का वडा अध्यक्ष सुनिल मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।

टोल विकास संस्थाले गरेका कार्यप्रगति प्रस्तुत गरिनुका साथै आगामी कार्यक्रमहरुबारे जानकारी गराइएको थियो । सभाकै अवसरमा संस्थाले जेष्ठ नागरिक ९ जनालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

सभामा हेटौंडा उपमहानगरका समाजकल्याण शाखाका प्रमुख भैरव बहादुर अर्याल, नगर टोल विकास समन्वय समितिका महासचिव शीवहरि दाहाल, उपमहासचिव देवकुमार श्रेष्ठ, वडा समन्वय समितिका अध्यक्ष सिंह बहादुर विक लगायतको आतिथ्यता रहेको थियो ।

वडा स्तरिय वडा अध्यक्ष कप फुटबल खेलकुद प्रतियोगितामा दोस्रो स्थान भएकोका खेलाडीहरुलाई सम्मान गरिएको थियो ।

निर्वाचित वडा अध्यक्ष सहित नगर टोल विकास समन्वय समितिका पदाधिकारीलाई बधाई सम्मान समेत गरिएको थियो । निवर्तमान वडा अध्यक्ष सहित सदस्यहरुलाई प्रमाणपत्र सहित सम्मान गरिएको छ । त्यस्तै, टोल विकासका संस्थापक अध्यक्ष गोपालमान स्याङ्तान र टोल विकास संस्थालाई सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको थियो ।

# मकवानपुरबाट हरेक वर्ष निर्यात घट्दो

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज (रासस)/ मकवानपुरबाट वार्षिक रुपमा हुँदै आएको निर्यात व्यापारमा कमी आएको छ । उद्योग वाणिज्य संघ मकवानपुरको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा जिल्लामा सञ्चालनमा रहेका निर्यातमुलक उद्योग तथा व्यावसायिक प्रतिष्ठानले १७ करोड ३० लाख मूल्यबराबरको निर्यात गरेका छन् ।

त्यसअघि आर्थिक वर्ष २०७७/७८ मा मकवानपुरवाट २३ करोड ६२ लाख मूल्य बराबरको निर्यात भएको थियो भने आर्थिक वर्ष २०७६ /७७ मा रु २५ करोड ५६ लाख मूल्य बराबरको निर्यात भएको थियो ।

उक्त वर्षमा क्लोजर सिस्टम इन्टरनेशनल नेपाल, युनिलिभर नेपाल लिमिटेड, गोदावरी पोलिप्याक्स एण्ड एफआई विसी र इभान्स लाइफ साइन्सेस लगायतले आफनो उत्पादन छिमेकी मुलुक भारतमा निर्यात गरेका थिए । आर्थिक वर्ष २०७७/७८ मा युनिलिभर नेपाल लिमिटेड बाहेकका उद्योगबाट उत्पादन भारत निकासी भएको थियो । त्यसमध्ये एउटा व्यापारिक प्रतिष्ठान र चारवटा उद्योगले भारत र तेस्रो मुलुकमा खाद्यपदार्थसहित औद्योगिक उत्पादन निर्यात गरेको संघले जनाएको छ ।

गत आर्थिक वर्षमा प्याक्ट ग्रुप, क्लोजर स्टिम इन्टरनेशनलले बोतलमा लाग्ने बिर्को, गोदावरी पोलिप्याक्स एण्ड एफ आई विसीले त्रिपाल तथ इभान्सलाइफ साइन्सेसले सल्लाको लोठ पाउडर भारत निकासी गरेको थियो ।

त्यस्तै गुराँस ग्रुप इन्टरनेशनलले चाउचाउ, चिउरा, खुर्सानी लगायतका नेपाली उत्पादन अष्ट्रेलियामा र एड्भान्स टेक्नोलजी एण्ड मेसिन नेपालले फोहर प्रशोधन गर्ने उपकरण जापान निर्यात गरेको बताइएको छ ।

एक दशकअघि आर्थिक वर्ष २०६८/६९ मा मकवानपुरबाट ६९ करोड ८२ लाख मूल्य बराबरको निर्यात भएको थियो । त्यस समयमा २९ वटा उद्योगबाट आर्थिक वर्ष २०६८ ६९मा निर्यात गर्ने उद्योगको संख्या बढेर ३१ भएको थियो । ऋसर जन्य उद्योगको भारत निर्यातले पनि त्यस समयामा निर्यात व्यपार बढेको देखिन्छ । ऋसरका साथै एन्ट्राटिक बिस्कुट उद्योग, नेपाल इकरात इञ्जिनीयरिग कम्पनी, मछापुच्छे र हर्बल लगायतका अन्य उद्योगले निर्यात गर्दै आएको थियो ।

कोलगेट, कोडाक र युनिलिभर लगायतका राष्ट्रिय तथा बहुराष्ट्रिय उद्योगका उत्पादन निर्यात गर्दै आएको मकवानपुबाट दुई दशकअघि आर्थिक वर्ष २०५७ /५८ मा दुई अर्ब २९ करोड मूल्य बराबरको निर्यात भएको संघद्वारा उपलब्ध तथ्यांकमा जनाइएको छ । कोडाक र कोलगेट नेपाल छोडेर गइसकेको छ भने युनिलिभरले भारतमा निर्यात बन्द गरिसकेको बताइएको छ ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताले सरकारले निर्यातजन्य उद्योगलाई प्रोत्साहन र संरक्षण गर्नमा ध्यान नदिएकोले त्यस्ता उद्योग संकटमा परेको गुनासो गरे ।

# ‘मकवानपुर-२ मा अतिथिलाई हैन, स्थानीय उम्मेदवारलाई भोट दिनुस्’

साझाकुरा संवाददाता



हेटौंडा, २९ असोज/ नेपाल कम्युनिष्ट पार्टी एमालेका प्रतिनिधिसभा क्षेत्र नम्बर-२ का उम्मेदवार महेशकुमार बर्तौलाले स्थानीय उम्मेदवारलाई भोट हाल्न अपिल गरेका छन् ।

जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरको चुनावी प्रचारप्रसारको क्रममा बोल्दै बर्तौलाले २ नम्बर क्षेत्रबाटै मत हाल्ने उम्मेदवार आफू भएको दाबी गरे । थाहा नगरको बज्रबाराहीका बजार क्षेत्रमा उनले स्थानीय मतदाताहरुलाई भेटघाट गर्ने र चुनावी अभियान अनुसार मत माग्ने काम गरेका थिए । बर्तौलाले मकवानपुर क्षेत्र नम्बर-२ मा गठवन्धनका उम्मेदवारले आफुलाई भोट हाल्नका लागि नपाउने स्थिती रहेको बताए ।

क्षेत्र नम्बर-२ का गठवन्धनका उम्मेदवार बिरोध खतिवडा हेटौंडा उपमहानगरपालिका वडा नम्बर-४ का स्थायी वासिन्दा र कुमारी मोक्तान पनि हेटौंडाकै बासिन्दा र इन्द्र बहादुर बानियाँ पनि हेटौंडाका स्थायी वासिन्दा भएकाले उनीहरुले आफुलाई भोट हाल्नका लागि यस क्षेत्रमा नपाउने र अरुको भोटबाट मात्र चुनावमा आस गरिरहेको बताए । गठबन्धनका उम्मेदवाहरु स्थानीय नभई अर्को क्षेत्रबाट आएकोले स्थानीयलाई मत हाल्नुपर्नेमा बर्तौलाको भनाई थियो । भोट स्थानीय उम्मेदवारलाई हाल्न र अतिथी उम्मेदवारलाई सत्कार मात्र गर्न उनले आग्रह गरे ।

जसको आफ्नो क्षेत्रबाट भोट हाल्न नपाउने अनि अरुको मात्र भोटको आसले चुनाव लडेको उनको भनाइ छ । आफ्नै स्थानीय उम्मेदवार हरेक दुख, सुखमा साथ दिन्छ उनैलाई मतदान गर्न उनले आग्रह गरे । गठबन्धनका उम्मेदवारहरु सत्ता, सक्तिको दुरुपयोग गर्दै चुनावमा लागिपरेको उनको आरोप थियो । आगामी चुनावमा हरेकले मत दिएमा आफु पाँच वर्ष सेवक बनेर काम गर्ने बर्तौलाले बताएका छन् ।

नेकपा एमाले बागती प्रदेशका उपमहासचिवसमेत रहेका उम्मेदवार बर्तौलाले समाजवादी नेता तथा सोही क्षेत्रका प्रतिस्पर्धी गठवन्धनका उम्मेदवार खतिवडासँग काम गर्ने इन्छाशक्ति शुन्य रहेको बताएका छन् । शनिबार बिहान सामाजिक संजाल फेसबुकमार्फत खतिवडामाथि टिप्पणी गर्दै बर्तौलाले उहाँ(खतिवडा)सँग २० वर्ष सांसद भएको बाहेक अन्य कुनै अनुभव नभएको दाबी गरे ।

# कामधेनु सहकारीको २४ औं भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २९ असोज/ हेटौडा उपमहानगरपालिका वडा नम्बर ६ चुच्चेखोलामा रहेको कामधेनु बहुउद्धेश्यीय सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभा भएको छ ।

शनिवार सहकारीको नवनिर्मित भवनमा भएको साधारणसभामा संस्थाका अध्यक्ष उदय विडारीले संस्थागत प्रतिवेदन, उपाध्यक्ष उदय प्रकाश दहालले ऋण समितिको प्रतिवेदन, खुत्रुके बचत उपसमितिकी संयोजक अम्बिका सापकोटाले खुत्रुके बचत उपसमितिको प्रतिवेदन र व्यवस्थापक भीमसेन पौडेले आव.०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन र चालु आव ०७९/०८० को लागि २ करोड ८५ लाखको अनुमानित आयव्यय विवरण पेश गरेका थिए । हेटौडा-६ र १७ कार्यक्षेत्र रहेको सहकारीको २ करोड २८ लाख निक्षेप र ३१ लाख शेयर पूँजी रहेको सहकारीमा ६ सय ३० जना शेयर सदस्यहरु आवद्ध रहेका छन ।

साधारणसभामाको अवसरमा पत्रकारसहित १४ जनालाई सम्मान गरिएको छ । संस्थाको भवन निर्माणमा सहयोग गर्ने रुपेश दुलाल, सिधाखवर डटकमका सम्पादक श्रीराम दाहाल, संस्थापक शेयर सदस्य रविलाल गौतम र दामोदार तिमल्सिना बढी ब्याज बुझाउने बुद्धरत्न मानन्धर, बढी सेवा शुल्क बुझाउने पदमलाल लम्साललाई सम्मानित गरिएको थियो । यसैगरी एकल महिला कमला कुमारी आचार्य, ज्येष्ठ शेयर सदस्य दिर्घमणी भट्टराई, खुत्रुके बचतमा बढी रकम जम्मा गर्ने आदेश गौतम र सम्पदा सिग्देल, निक्षेपमा बढी रकम जम्मा गर्ने केदार प्रसाद अधिकारी, व्यवसायी गायत्री राई र एसइइमा उत्कृष्ठ अंक हासिल गर्ने प्रतिक ढुङगाना र रेखा गौतमलाई समेत सम्मानित गरिएको थियो ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति ईन्द्र बानियाँको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष उदय विडारीको सभाध्यक्षतामा साधारणसभा भएको थियो । साधारणसभामा हेटौडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, वडा सदस्य विजय पौडेल, हेटौडा-१७ का वडा सदस्य नवराज न्यौपाने, संस्थाका संस्थापक अध्यक्ष बासुदेव सापकोटा, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, संस्थाका सल्लाहकार गौरबकुमार पराजुली, नौलो विहानी कृषि सहकारीका अध्यक्ष भरत सापकोटा, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, नारीचेतना सहकारीका कार्यवाहक अध्यक्ष राधिका गौतम, प्रगतिशिल महिला आपसी विकास संस्थाकी अध्यक्ष बनारसी उप्रेतीलगायतको आतिथ्यता थियो ।


## VACANCY

**Sancho Hospital Pvt. Ltd.** a well reputed hospital in hetauda is looking for candidates for the following posts:

| | |
|---|---|
| Medical officer (few) | B Pharm (1) |
| Staff Nurse (few) | CMA / ANM (few) |
| Pharmacy Assistant (few) | |

Candidates should have the following requirements:

- Attractive Personality
- Result oriented and Hardworking
- Can work on high pressure environment
- Sound skill on IT, Fluent in English & Nepali written and Spoken
- Having Sound Knowledge in related field with minimum one year experience
- Must have the registered liscense in their related fields.

Preference will be given to those candidates having experience in Medical Field...

Interested candidates are required to send their applications by an updated profile/CV indicating respective vacancies to hospital.sancho@gmail.com within three working days.

Hetauda-1, BhintunaPath, Makwanpur
057-590175, 057-590176
Sancho Hospital Pvt. Ltd.









## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना